# आज २०६८ माघ २२ गते हामी
# आठौं वर्ष पूरा गरी
# नवौं वर्षमा प्रवेश गर्दै छौं ।

यस सुखद उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक एवम्
उपभोक्ताहरुलाई आगामी दिनहरूमा पनि स्तरीय
तथा विश्वसनीय सेवा उपलब्ध गराई
दूरसञ्चार सेवामा समर्पित हुने प्रण गर्दछौं।

# नेपाल टेलिकम

# नेपाल टेलिकम

(नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)

# आठौं वार्षिकोत्सव स्मारिका

## २०६८

# NEPAL TELECOM

## (NEPAL DOORSANCHAR COMPANY LIMITED)

*8th Anniversary Souvenir*

2012

**प्रकाशन मिति : २०६८ माघ २२ गते**

**सम्पादन समिति**

| | | |
|---|---|---|
| विश्वनाथ गोयल | : | संयोजक |
| लोचन लाल अमात्य | : | सदस्य |
| राम प्रसाद उपाध्याय | : | सदस्य |
| महेन्द्र प्रसाद जोशी | : | सदस्य |
| दिनेश कुमार रेग्मी | : | सदस्य |
| लक्ष्मण अधिकारी | : | सदस्य |

| | | |
|---|---|---|
| ले-आउट/आवरण डिजाइन | : | नगेन्द्र स्याङ्बो/ज्ञानेन्द्र स्याङ्बो |
| शुद्धाशुद्धि | : | रोहिणी घिमिरे |


यस स्मारिकामा व्यक्त विचारहरु लेखकका निजी हुन् र प्रस्तुत तथ्यांकको जिम्मेवारी लेखक स्वयम्मा हुनेछ ।

– संयोजक

**नेपाल सरकार**
**सूचना तथा सञ्चार राज्यमन्त्रीको**
**निजी सचिवालय**
**सिंहदरबार, काठमाडौं**



# शुभ-कामना

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड आफ्नो आठौं वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गर्न गइरहेको अवसरमा शुभ-कामना व्यक्त गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

नेपाली समाजमा दूरसञ्चार सेवाको उपलब्धतालाई सहज र सुलभ गराई आमनेपालीहरूबीचको सम्पर्क स्थापित गर्दै भावनात्मक एकता अभिवृद्धि गराउन नेपाल टेलिकम पूर्णतः सफल देखिन्छ । दूरसञ्चार क्षेत्रमा विकसित नयाँ-नयाँ प्रविधिसँग परिचित गराउँदै त्यसका उपलब्धिहरूलाई ग्रामीण एवम् दुर्गम क्षेत्रका उपभोक्तासमक्ष पुऱ्याई सबै नेपालीहरूबीचको भावनात्मक सम्बन्ध विस्तारको माध्यमबाट एकताको सूत्रमा आबद्ध गराई राष्ट्र निर्माणमा पुऱ्याएको योगदान उल्लेखनीय र अनुकरणीय छ ।

खुल्ला र उदार अर्थव्यवस्थामा सार्वजनिक संस्थानको सफल यात्रा निकै जटिल हुन्छ, तथापि कम्पनी व्यवस्थापन आमकर्मचारी मित्रहरूबाट भएको अथक प्रयास-लगनशीलताले जटिलता र चुनौतीहरूलाई अवसरमा परिणत गर्दै उत्कृष्ट संस्थाको रूपमा सफलता प्राप्त भएको छ । यही सफलताको पृष्ठभूमिको निरन्तरता र ग्राहकप्रतिको समर्पणभावबाट भोलिका दिनमा कम्पनी अझ बढी सशक्त भई सेवाप्रवाह गर्नेछ भन्नेमा विश्वास लिएकी छु ।

बजारमुखी रणनीतिमार्फत सेवाग्राहीको आकर्षण र छनोटमा अभिवृद्धि गराउन सकिने पक्षलाई नेपाल टेलिकमले अवलम्बन गरी प्रतिस्पर्धात्मक क्षमता हासिल गर्न प्रयत्नशील रहनेछ । स्वतन्त्र र स्वायत्त व्यवस्थापन, उत्प्रेरित कर्मचारी र परिणाममुखी निर्णय प्रणाली नै सफलताका प्रमुख आधार भएकाले सम्बद्ध सबै पक्षको ध्यान केन्द्रित हुनेछ ।

कम्पनीको आजको सफलताले कम्पनीकर्मी सबैलाई भोलिका दिनप्रति अझ सृजनशील हुन र आशावादी बन्न अभिप्रेरित गर्नेछ । साथै दूरसञ्चारसम्बन्धी विविध सूचनामूलक र ज्ञानवर्द्धक सामग्रीहरूलाई समेटेर प्रकाशन हुन लागेको यस स्मारिका सहयोगी बन्नेछ भन्ने शुभ-कामना व्यक्त गर्दै वार्षिकोत्सवको अवसरमा कम्पनीमा कार्यरत कर्मचारी, शेयरधनी एवम् सेवाग्राही सबैलाई हार्दिक बधाई एवम् धन्यवाद ज्ञापन गर्दछु ।

**(सुरिता कुमारी शाह)**
**राज्यमन्त्री**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं



# शुभ-कामना

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड आठौं वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गर्न लागेको अवसरमा कम्पनीबाट स्मारिका प्रकाशन हुन लागेकोमा मलाई खुशी लागेको छ ।

हालको प्रतिस्पर्धात्मक वातावरणमा आफूलाई खरो रुपमा उतार्दै सरकारको उत्तरदायित्व बहन गर्दै जनताको माग अनुरुप पचहत्तरै जिल्लामा आधारभूत, मोवाइल तथा इण्टरनेट सेवाहरु मार्फत करीव ७३ लाख जनतालाई सेवा पुर्‍याउँदै आइरहेको मात्र नभई यसले मुलुकको सबैभन्दा बढी मुनाफा कमाउने तथा राजस्व तिर्ने संस्थाको रुपमा आफूलाई स्थापित गराउन सक्षम भएको हुँदा सो गर्व गर्ने विषय भएको छ ।

दूरसञ्चार सेवाको अगुवा यो संस्थाले यस क्षेत्रमा भइरहेको नवीनतम प्रविधि र उपलब्धीहरुलाई समयसापेक्ष रुपमा नेपाली जनतालाई पनि उपलब्ध गराउने र दुर्गम ग्रामीण क्षेत्र एवं सीमान्तकृत वर्गको पहुँचमा समेत सर्वसुलभ, सस्तो र गुणस्तरीय सेवा पुर्‍याई 'राष्ट्र निर्माण हाम्रो लक्ष्य' भन्ने नाराकासाथ सेवारत यस संस्थाले मुलुकको सर्वपक्षीय विकासमा सहयोग पुर्‍याउन बर्तमान प्रतिस्पर्धाप्रति चनाखो रहँदै यस संस्थाका सम्पूर्ण कर्मचारीहरु अझ कडा मेहनतकासाथ अगाडि बढ्ने र आफ्नो अग्रतालाई कायम राख्न सफल हुनेछन् भन्ने बिश्वास लिएको छु ।

विभिन्न विज्ञहरुका लेख तथा रचनाहरु समावेश गरी प्रकाशन गर्न लागिएको यस स्मारिका दूरसञ्चार सम्बन्धी चासो राख्ने सबै पाठक वर्गहरुका लागि निकै उपयोगी सावित हुनेछ भन्ने बिश्वासका साथ वार्षिकोत्सवको अवसरमा संस्थामा कार्यरत कर्मचारी, शेयरधनी र संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**अवनीन्द्र कुमार श्रेष्ठ**
सचिव
२०६८/१०/२२

# प्रतिबद्धता



मुलुकको दूरसञ्चार क्षेत्रमा ९ दशकभन्दा लामो व्यावसायिक सफलताको इतिहास बोकेको सरकारी दूरसञ्चार निकाय कम्पनीको रूपमा परिणत भएपछि आज माघ २२ गते आठौं वार्षिकोत्सव मनाउँदै छ । यस अवसरमा कम्पनीका समस्त शुभ-चिन्तक महानुभावहरूमा कम्पनीको सफलता तथा प्रयासहरू व्यक्त गर्न पाउँदा गौरव महसुस गरेको छु ।

मुलुकको दूरसञ्चार क्षेत्रमा सन् २००३ सेप्टेम्बरदेखि शुरू भएको व्यावसायिक प्रतिस्पर्धा तथा अन्य सेवाप्रदायकहरूको रणनीतिक उपस्थितिको अवस्थामा पनि कम्पनीका सेवा-सुविधाहरूप्रति उपभोक्तावर्गको निरन्तर विश्वास तथा सद्भावले कम्पनीलाई थप ऊर्जा र उत्साह प्रदान गरेको छ ।

बजार विस्तारसम्बन्धी तथ्याङ्कअनुसार गत ८ वर्षको अवधिमा कम्पनीको ग्राहक संख्या ४ लाख २२ हजारबाट वृद्धि भई गत मंसिर महिनामा कम्पनीको ग्राहक आधार ७२ लाख ६९ हजार नाघिसकेको छ । अर्कोतर्फ, आर्थिक तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०६६।६७ को कुल आम्दानी २७ अर्ब २२ करोड रहेकोमा यस आर्थिक वर्षमा ९.६५ प्रतिशतले वृद्धि भई कुल आम्दानी २९ अर्ब ८५ करोड पुगेको छ । यसै गरी कम्पनीको आयकरपछिको मुनाफा आर्थिक वर्ष २०६६।६७ को तुलनामा १२.४८ प्रतिशतले बढोत्तरी भई रू. १२ अर्ब १२ करोड पुगेको छ । यसरी प्रतिवर्ष प्राप्त भइरहेको आर्थिक स्वास्थ्यतर्फको प्रगतिलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिन कम्पनी सफल भएको छ ।

आयोजना कार्यान्वयनतर्फ २० लाख IP-CDMA आयोजनाअन्तर्गत जडानको कार्य सुचारू रहेको छ भने १ करोड GSM लाइनका लागि उपकरण आपूर्तिको कार्य पनि अगाडि बढिरहेको छ । यसको अलावा कम्पनीको अर्को महत्वाकांक्षी कार्यक्रम "Convergent Real Time Billing & Customer Support System" ले कम्पनीका सेवाहरूको एकीकृत बिल, Marketing तथा उच्चस्तरीय सेवा विस्तारका लागि उल्लेखनीय भूमिका खेल्नेछ । यी प्रयासहरूले उपभोक्ताको माग उपयुक्तरूपमा सम्बोधन गर्न तथा बजार अग्रणी स्थितिलाई निरन्तरता दिन कम्पनीलाई सक्षम बनाउनेछ ।

मुलुकका अति दुर्गम स्थानहरूमा स्याटेलाइट प्रविधिको उपयोग गरी GSM र CDMA सेवा विस्तार गर्ने कार्यलाई यस आर्थिक वर्षमा निरन्तरता दिएको छ भने उच्च गतिको इन्टरनेट सेवाको पहुँच सम्पूर्ण गाविसहरूमा पुऱ्याउन कम्पनीले यस आर्थिक वर्षमा WiMAX प्रविधिको उपकरण आपूर्ति गर्ने कार्यलाई पनि प्राथमिकताका साथ अगाडि बढाएको छ । यिनै सेवाहरूको विकास तथा विस्तारबाट कम्पनीले मुलुकका शहरी र ग्रामीण क्षेत्रका बीचको सूचना प्रविधिको खाडल (डिजिटल तथा ब्रोडब्यान्ड डिभाइड) न्यूनीकरण गर्न योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ ।

आर्थिक उदारीकरण र प्रतिस्पर्धात्मक वातावरणमा संस्थालाई सक्षम र सक्रिय बनाइराख्ने उद्देश्यले सरकारको पूर्ण स्वामित्व रहेको संस्थानलाई सरकारकै नीति र योजनाअनुसार कम्पनीमा परिणत गरिएको हुनाले प्रतिस्पर्धात्मक वातावरणमा कम्पनीको विकासकार्यमा बाधक रहेका ऐन-नियमहरू समयसापेक्ष रूपमा सम्बन्धित सरकारी निकायहरूबाट परिमार्जन हुने अपेक्षा गरेको छु । साथै, कम्पनीका योजना तथा कार्यक्रमहरू समयमै सफलतापूर्वक सम्पन्न गर्नका लागि कर्मचारीवर्गले विगतमा भन्दा थप कटिबद्ध भएर जिम्मेवारी बहन गर्ने विश्वास लिएको छु । यी प्रयासहरूले कम्पनीका सेवाहरूको गुणस्तरमा थप अभिवृद्धि गर्ने र अत्याधुनिक प्रविधियुक्त सेवामा सर्वसाधारणको पहुँच अझ व्यापक बनाउनेछ । व्यावसायिक कारोबारमा वृद्धि गर्दै शेयरधनी महानुभावहरूलाई उचित प्रतिफल प्रदान गर्दै जाने कम्पनीको दृढता व्यक्त गर्दछु ।

कम्पनीको वार्षिकोत्सवको अवसरमा प्रकाशन गरिने यस स्मारिकाले कम्पनीका सेवाहरूका सम्बन्धमा पाठकवर्गलाई प्रशस्तै जानकारी उपलब्ध गराउने तथा दूरसञ्चार क्षेत्रसँग सम्बन्धित विभिन्न उपयोग विषयहरूमा फरक कोणबाट विश्लेषण गर्न जिज्ञासुहरूलाई उत्प्रेरित गर्ने विश्वास लिएको छु । स्मारिकामा प्रकाशनका लागि लेख-रचना उपलब्ध गराउनुहुने लेखकवृन्दले लेखन कार्यलाई निरन्तरता दिनुहुनेछ भन्ने विश्वास गर्दै स्मारिका प्रकाशन समितिका सदस्यहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

कम्पनीको वार्षिकोत्सवको उपलक्ष्यमा आदरणीय उपभोक्तावर्ग, शेयरहोल्डर महानुभावहरू तथा नेपाल सरकारका सम्बन्धित सबै निकायहरूप्रति आभार व्यक्त गर्दै कम्पनीको सफलताका लागि सक्रिय सम्पूर्ण कर्मचारीवर्गहरूलाई धन्यवाद ज्ञापन गर्दछु । कम्पनीको स्रोत-साधन तथा जनशक्तिको अधिकतम परिचालन गरेर दूरसञ्चार क्षेत्रमा कम्पनीले निरन्तर अग्रणी भूमिका निर्वाह गर्न प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद !

**अमरनाथ सिंह**
**प्रबन्ध निर्देशक**
**नेपाल दूरसञ्चार कम्पनी लि.**
**२०६८।१०।२२**

# सम्पादकीय

मुलुकको आर्थिक नीतिमा आएको परिवर्तनलाई आत्मसात् गरी राष्ट्र निर्माणको लक्ष्यका साथ नेपाल दूरसञ्चार कम्पनी लिमिटेड नेपाल र नेपाली समाजमा दूरसञ्चार सेवाप्रवाहको गौरवमय यात्राका शृङ्खला बनाउँदै आज २०६८ माघ २२ गते कम्पनीमा रूपान्तरणको आठौं वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गर्दै छ । आमकर्मचारी, शेयरधनी महानुभावहरू, सम्पूर्ण सेवाग्राही एवं  कम्पनीका शुभ-चिन्तकहरूमा कम्पनीको सफल यात्राले पक्कै पनि सुखद अनुभूति गराएको हुनुपर्छ । यही सुखद अनुभूतिले सबै सरोकारवाला पक्षलाई कम्पनीको सफलतामा एकाकार गराउन उत्प्रेरित गराइरहने विश्वास गर्दछौं ।

आन्तरिक बजारको माग र सेवा विस्तारको सम्भावनालाई कम्पनीले अवसरको रूपमा उपयोग गरी हाम्रा सेवाग्राहीहरूलाई अत्याधुनिक प्रविधिमा आधारित सुविधासहित मागअनुरूपको सेवा उपलब्ध गराउन कम्पनीले विभिन्न नयाँ योजनाहरूलाई अगाडि ल्याएको छ । कार्यान्वयनको चरणमा रहेको Convergent Real Time Billing & Customer Support System मार्फत सेवाग्राहीहरूलाई कम्पनीका सेवाहरूको एकीकृत बिल प्राप्त हुनुका साथै स्तरीय ग्राहक सेवाको अनुभूति हुनेछ।  यो प्रविधिको उपयोगबाट बजार प्रवर्द्धन तथा विस्तार कार्य प्रभावकारी हुनेछ । द्रुतगतिको ब्रोडब्यान्ड इन्टरनेट सेवालाई ग्रामीण तहसम्म पुऱ्याई विपन्न र सीमान्त वर्गको पहुँच स्थापित गर्न कम्पनीले ल्याउने NGN-MSAN तथा Wimax प्रविधि सहयोगी हुनुका साथै १ करोड लाइन क्षमताको GSM System र २० लाख क्षमताको IP-CDMA योजना सम्पन्न भएपश्चात् मुलुकको Tele Density लाई सार्कस्तरमा पुऱ्याउनुको साथै रोजगारीको अवसर सृजना गर्न उत्प्रेरकको रूपमा योगदान पुऱ्याई आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सघाउ पुग्छ ।

ग्राहकहरूको विश्वासको जगमा कम्पनीले आजको सफलता प्राप्त गरेको हो । ग्राहकको सद्भाव र विश्वासविना कम्पनीको सफलता कायम राखिराख्न सम्भव छैन । मुलुकको पछौटेपनलाई हटाई भौगोलिक विकट, दुर्गम उच्च पहाडी एवं हिमाली भेगको जनजीवनलाई विश्वसमाजसँग आबद्ध गराउनुपर्ने र आमनेपाली जनताको धरोहरको रूपमा रहेको संस्थाले मुनाफा आर्जन गरी शेयरधनीलाई आश्वस्त पार्नुपर्ने मुद्दा आज पनि कम्पनीसामु जल्दोबल्दोरूपमा रहेको छ । जसलाई प्रविधिगत परिवर्तन, प्रतिस्पर्धात्मक बजार व्यवस्था, सरकारी नियमन प्रणाली, सेवाग्राहीको छनोटको अवसर, सुपथ मूल्यमा सेवाप्रवाह एवं Market Leading Agency को अवस्थालाई व्यवस्थापन गर्नुपर्ने चुनौतीको सामना गर्न सबै पक्षको सकारात्मक सहयोग, सद्भाव र सुझावको अपरिहार्यतालाई सम्बद्ध सबैबाट महसुस हुने नै छ । यसै अभियानमा यो स्मारिका पनि एउटा प्रयास हुने विश्वास लिइएको छ ।

कम्पनीका विविध गतिविधिलगायत विभिन्न विषयका लेख-रचनाहरूलाई यस स्मारिकामा समेट्ने प्रयास गरिएको छ । यसमा प्रकाशित लेखहरूले कम्पनी र उपलब्ध सेवाहरूको बारेमा विविध जानकारीमूलक सन्देशहरू सम्प्रेषण गरी सेवाको व्यावसायिक प्रवर्द्धनमा समेत सहयोगी हुन सक्नेछ । विभिन्न लेख-रचनामार्फत प्राप्त सुझावहरू कम्पनी व्यवस्थापनलाई पृष्ठपोषणको रूपमा ग्रहणीय हुनुको साथसाथै अनुसन्धान, शोधकार्य तथा विश्लेषणात्मक अध्ययनको लागि पाठ्यसामग्रीको रूपमा महत्व राख्नेछ ।

कम्पनीमा कार्यरत कर्मचारीमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराई लेखनशैलीको विकासमा स्मारिका महत्वपूर्ण माध्यम बन्नेछ । यसबाट लेख, रचना, सृजनाप्रति आकर्षण बढाई कर्मचारीमा उत्प्रेरणा अभिवृद्धि गराउन केही न केही हदसम्म सार्थक हुनेछ ।

स्मारिकालाई स्तरीय, थप जानकारीमूलक र अध्ययन सामग्रीको रूपमा प्रकाशन गर्ने प्रयास गर्दागर्दै पनि कहीँ कमजोरीहरू, त्रुटिहरू हुन सक्छन्, जसलाई आगामी प्रकाशनमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्दै सुझावको अपेक्षासहित आफ्ना अमूल्य लेख, रचना, सृजना, अनुभवहरू पठाई स्मारिका प्रकाशनको प्रयासलाई सफल तुल्याउन सहयोग पुऱ्याउनुहुने सम्पूर्ण लेखक, रचनाकार, स्रजकहरू सबै जनालाई आभार व्यक्त गर्दछौं ।

शुभकामना सन्देश प्रदान गरी स्मारिका प्रकाशनमा प्रोत्साहन दिनुभएकोमा सूचना तथा सञ्चार राज्यमन्त्री माननीय सुरिताकुमारी शाहज्यू, सूचना तथा सञ्चार मन्त्रालयका सचिव श्री अवनीन्द्र श्रेष्ठज्यू, कम्पनी व्यवस्थापनका साथै स्मारिका प्रकाशनमा प्रत्यक्ष र परोक्ष योगदान पुऱ्याउनुहुने सबैलाई हार्दिक कृतज्ञता अर्पण गर्दछौं ।

**स्मारिका सम्पादन समिति**

२०६८

# विषय सूची

# Table of Contents

## आठौं वार्षिकोत्सव स्मारिका

## 8th Anniversary Souvenir 2012


| क्र.सं. | विषय | लेखक | पृष्ठ संख्या |
|---|---|---|---|
| १. | अन्तर्वार्ता (प्रबन्ध निर्देशक) | - लक्ष्मण अधिकारी | १ |
| २. | My second Term of Seven months as MD ... | - Vishwa Nath Goel | ५ |
| ३. | सन्दर्भ आठौं वार्षिकोत्सव : नेपाल टेलिकमको अपेक्षा | - टंकलाल श्रेष्ठ | ७ |
| ४. | जापानको यात्रा र नूनको सोझो चिताउने ज्ञान | - सुरेश कुमार पुडासैनी | १० |
| ५. | नेपाल टेलिकमको समस्या दोषी को ? मालिक कि कर्मचारी ? | - सुगतरत्न कंसाकार | १२ |
| ६. | राजस्व प्रत्याभूतिको आवश्यकता र दुरसञ्चार क्षेत्रमा ... | - सुधीर प्रसाद अर्याल | १४ |
| ७. | जीवनको नियम र नेपाल टेलिकमको जीवन्त यात्रा | - सुरेन्द्र प्रसाद थिके | १८ |
| ८. | प्रतिस्पर्धाको बजारमा नेपाल टेलिकम | - हिरण्य कुमार भट्टराई | २२ |
| ९ | Turning Point in Nepal Telecom | – Shiv Bhushan Lal | २५ |
| १०. | अन्तरसंस्थान खेलकुदमा नेपाल टेलिकमको सफलता | - कुल बहादुर आचार्य | २७ |
| ११. | जनशक्ति परिचालन : आउट सोर्सिङ र टर्न की | - चक्रपाणि आचार्य | २९ |
| १२. | हरिमोहनको चेतावनी र टेलिकम समृद्धिको प्रश्न | - नीलकण्ठ तिवारी | ३१ |
| १३. | सञ्चार सेवा (कविता) | - श्यामप्रसाद खनाल | ३२ |
| १४. | नेपाल टेलिकम नेपाली जनताको धरोहर, हाम्रो सरोकार | - कृष्ण प्रसाद अर्याल | ३३ |
| १५. | विनियमावली संशोधनभित्रको अन्तर्वस्तु र सीप परीक्षण | - नवीन तिवारी | ३५ |
| १६. | असल नेतृत्वको विकास | - सुन्दर श्रेष्ठ | ३७ |
| १७. | यो सुझाव हो सुधन ! कुनै विरोधपत्र होइन | - राजाराम शर्मा | ४० |
| १८. | Critical Issues in Telecom Sector Regulation: | - Ananda Raj Khanal | ४२ |
| १९. | Inside/Outside of Box: Think | - Rabindra Jha | ४६ |
| २०. | दूरसञ्चारमा प्रतिस्पर्धा र स्वायत्तता | - अरूण कुमार मल्लिक | ४९ |
| २१. | The importance of Publishing notice with ... | - Navin Lal Shrestha | ५३ |
| २२. | रणनीतिक साझेदारको आवश्यकता | - चक्रपाणि शर्मा | ५४ |
| २३. | An Introduction to IP-CDMA System and its Facilities | - Surendra Karmacharya | ५६ |
| २४. | मानव संसाधन अपरिहार्य तर एक जटिल विषय | - राजुबाबु अर्याल | ६० |
| २५. | टेलिकमलाई दौडिनै दिऊँ | - रामचन्द्र भट्ट | ६३ |
| २६. | टेलिकममा प्रशासनिक सुधार अबको आवश्यकता | - सरस्वती ढकाल | ६६ |
| २७. | 'नम्बर वान' हुन कार्यस्थल पनि 'नम्बर वान' ... | - लक्ष्मण अधिकारी | ६९ |
| २८. | ...... Competition and Fear-of-Predation | - Rajesh Joshi | ७३ |
| २९. | Change Management: Importance and Challenge | - Ishwor chandra Rimal | ७६ |
| ३०. | दूरसञ्चारको विकासमा पूर्वाधार-साझेदारी | - रामकुमार के.सी. | ७८ |

| | | | |
|---|---|---|---|
| ३१. | शुभ-कामना (कविता) | - विश्वनाथ ढुंगेल | ८० |
| ३२. | व्यावसायिक संगठनको नेतृत्व मूल्याङ्कन र ... | - एकनारायण अर्याल | ८१ |
| ३३. | स्वायत्तताको कसीमा नेपाल टेलिकम | - राजेन्द्र नेपाल | ८५ |
| ३४. | सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्यसञ्चालन) आदेश, २०६८ ... | - दिनेश कुमार रेग्मी | ८७ |
| ३५. | NGN कार्यान्वयनमा देखिएका समस्याहरू | - नारायण प्रसाद काफ्ले | ९२ |
| ३६. | सेवाकालीन तालिम एक सन्दर्भ | - राजेन्द्र कुमार दाहाल | ९४ |
| ३७. | नेपाल टेलिकमको सन्दर्भमा कार्य विवरण | - सुरेन्द्र प्रसाद खनाल | ९८ |
| ३८. | नेपाल टेलिकमको विकासमा तालिम केन्द्र | - किशोर उप्रेती | १०१ |
| ३९. | नेपाल टेलिकममा SWOT Analysis को आवश्यकता | - नेत्र बहादुर भुजेल | १०४ |
| ४०. | शुभ–कामना | - रामचन्द्र पुडासैनी | १०६ |
| ४१. | NT @ IT | - Saroj Shakya | १०७ |
| ४२. | Positive Corporate Culture | - Mahesh Bhattarai | १०९ |
| ४३. | कर्पोरेट डाटा बिजिनेस टेलिकमका लागि अवसर र चुनौतीहरू | - कृष्ण प्रसाद भण्डारी | १११ |
| ४४. | राष्ट्रको ठूलो करदाताको पुँजी परिचालनको....... | - मोहन घिमिरे | ११३ |
| ४५. | IP eXchange - IPX: | - Kamal Lamichhane | ११६ |
| ४६. | सञ्चार नीति कार्यान्वयनमा नेपाल टेलिकमको योगदान | - डिल्लीराम बाँस्तोला | ११९ |
| ४७. | उन्नतिका लागि अवसरमा ......... | - राधा सिम्खडा | १२५ |
| ४८. | Radio Frequency Spectrum: A Limited Natural Resource | - Jagdish Lekhak | १२९ |
| ४९. | आवश्यकता हाम्रो एकताको (कविता) | - टोपाराम पोखेल | १३१ |
| ५०. | नेपाल टेलिकमको कार्यसम्पादन मूल्याङ्कन | - माधवप्रसाद कुइँकेल | १३२ |
| ५१. | कर्मचारी Retention तथा नेपाल टेलिकममा यसको अभ्यास | - दीपकराज भट्टराई | १३५ |
| ५२. | नेपाल टेलिकममा रणनीति साझेदार | - शिवजी साह | १३७ |
| ५३. | तनाव व्यवस्थापन : सन्दर्भ नेपाल टेलिकम | - कपिल प्रसाद पन्त | १४० |
| ५४. | नेपाल टेलिकममा नैतिक शिक्षाको आवश्यकता | - धर्मलाल महर्जन | १४२ |
| ५५. | Quality: A Fundamental DNA of Survival | - Bhuwan Raj Chataut | १४४ |
| ५६. | नेपाल टेलिकमको भविष्य र हाम्रो जिम्मेवारी | - भोलानाथ दाहाल | १४८ |
| ५७. | नेपाल टेलिकमका सेवाहरू | - उमेश दहाल | १५१ |
| ५८. | सञ्चार सेवाबाट प्राप्त हुने राजस्व र ....... | - रामचन्द्र तिवारी | १५४ |
| ५९. | नेपाल टेलिकमको बजारशास्त्र ! | - ढुन बहादुर बुढाथोकी 'सङघर्ष' | १५६ |
| ६०. | कर्मचारी उत्प्रेरणाका सैद्धान्तिक पक्षहरू : .......... | - दीपेन्द्र सिंह सुनार | १५९ |
| ६१. | सहमति र सहकार्यको विकल्प छैन | - अशोक कुमार कर्ण | १६२ |
| ६१. | नेपाल टेलिकमका चुनौतीहरू : ... | - सनाउल्ला खान | १६३ |
| ६२. | निःशुल्क ज्ञान बाँड्दै विकिपिडिया | - गणेश पौडेल | १६५ |
| ६३. | २५ वर्ष स्थायी सेवा अवधि पुगेका कर्मचारीहरूको नामावली विवरण | | १६८ |
| ६४. | अतिरिक्त क्रियाकलाप समिति | | |